"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा सुभाघाट, सुर्खेत २०७३

☎ ०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७८/०७९ (शिक्षा, युवा तथा खेलकुद शाखा)
चलानी नं. : २६१

मिति : २०७८।१०।२५

**विषय : आधारभुत तह उत्तीर्ण (कक्षा ८) परीक्षाको आबेदन फारम भर्ने सम्वन्धमा ।**

**श्री नगरपालिका स्थित सम्वन्धित सम्पूर्ण विद्यालयहरु तथा विद्यार्थीहरु ।**

प्रस्तुत विषयमा यस नगरपालिकाद्धारा सञ्चालन हुने **आधारभुत तह उत्तीर्ण (कक्षा ८) परीक्षा २०७८** को आबेदन फाराम तपसिलको कागजात संलग्न राखी मिति **२०७८ फाल्गुण २५ गते भित्र** सम्वन्धित विद्यालयमा भर्नु भराउनु हुन र **२०७८ फाल्गुण मसान्त भित्र शिक्षा युवा तथा खेलकुद शाखामा** बुझाउनुहुन सम्बन्धित सम्पूर्ण विद्यालयहरु तथा विद्याथीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७८।१०।२५
............
(पदम बहादुर वि.क)
प्रमुख प्रशासकीय अधिकृत छैठौं (शि.प्र.)

**तपसिल**

१.फाराममा रजिष्ट्रशन नम्वर अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ , रजिष्ट्रशन नम्वर उल्लेख नभएको फारम स्वीकृत हुने छैन ।

२. फाराममा उल्लेख गर्ने नाम थर, जन्म मिति पछिसम्म फरक नपर्ने गरी जन्म दर्ता प्रमाणपत्र तथा IEMIS मा रहेको विवरण अनुसार मिलेको तथा २०७८ चैत्र मसान्त सम्म १२ बर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।

३. तोकिएको म्यादभित्र नभरेका र विद्यालय मार्फत प्राप्त नभएका फारामहरु स्वीकृत हुनेछैन ।

४. फाराम अनिवार्य रुपमा विद्यार्थीले नै भर्नुपर्नेछ र फाराममा विद्यार्थी र प्रधानाध्यापकको दस्तखत अनिवार्य हुनुपर्ने छ ।

५.फारामका साथ अनिवार्य रुपमा विद्यार्थीको जन्म दर्ता प्रमाणपत्र र कक्षा ७ को शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राख्नुपर्ने छ ।

६. ७५ प्रतिशत हाजिरी भएका र विद्यालयको IEMIS मा विवरण उल्लेख भएका विद्यार्थीहरुले मात्र यो फाराम भर्नुपर्ने छ ।

७. फाराममा अनिवार्य रुपमा तोकिएको स्थानमा पासपोर्ट साइजको दुईवटा फोटो टाँस गरी सम्वन्धित विद्यार्थी र प्रधानाध्यापकले प्रमाणित गर्नुपर्नेछ ।

**नोट : विद्यालयहरुले परीक्षा आबेदन फाराम फाल्गुण पहिलो हप्ताभित्र शिक्षा, युवा तथा खेलकुद शाखावाट बुझिसक्नुपर्नेछ ।**